# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।१४ गते

# प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको ।**

-----------------------------------------------------------------

नेपाल कृषि अनुसन्धान परिषद्, काठमाडौमा दरबन्दी भई क्षेत्रिय कृषि अनुसन्धान केन्द्र खजुरा बाँके तथा कोसेबाली अनुसन्धान कार्यक्रम खजुरा बाँकेमा संचालित सिंचाई डिप बोरिङ योजनाको साईट इन्चार्ज एवं प्राविधिक अधिकृत बीरेन्द्र कुमार यादबले बिल भरपाई अनुसारको भुक्तानी र कार्य सम्पादन फरफारक कार्यमा सहजिकरण गर्न सिफारिसका लागि निर्माण व्यवसायीसंग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कोहलपुरबाट खटि गएको टोलीले रु २,५०,०००।- (दुई लाख पचास हजार) घुस रकम लिदै गर्दाको अवस्थामा निज प्राविधिक अधिकृत बीरेन्द्र कुमार यादबलाई घुस रकम सहित पक्राउ गरी अनुसन्धान हुंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज प्राविधिक अधिकृत बीरेन्द्र कुमार यादब उपर बिगो रु २,५०,०००।- कायम गरी सोही ऐनको दफा ३(१) र ३(१)(घ) बमोजिम दण्ड सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी